मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२६ Purwanchal National Daily

सूचना

'खुलेर बोलौं विभेद रोकौं'
'महिला हिंसाविरुद्ध शून्य सहिष्णुता कायम गरौं'
'दमनको प्रतिवाद गरी महिला हिंसा अन्त्य गरौं'

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

◆ वर्ष : २६ ◆ अङ्क : २३ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ मंसीर २५ गते बिहीवार (Thursday, December 10. 2020) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## झापाका १० वर्षमुनिका ५६ जना बालबालिकामा कोरोना

**झापा, मंसीर २४।** झापामा २० बालिकासहित ५६ जना १० वर्षमुनिका बालबालिकामा कोरोना संक्रमण देखिएको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको तथ्याङ्क अनुसार देशभर संक्रमित ५ हजार ९ सय ७३ जना बालबालिकामध्ये झापामा मात्रै २० बालिका र ३६ बालकमा कोरोनाको संक्रमण देखिएको हो ।

सबैभन्दा बढी बागमती प्रदेशमा मात्र १० वर्षमुनिका ३ हजार ८१ जना बालबालिका संक्रमित भएका छन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार २ लाख ४३ हजार ३ सय ७७ जना कोरोना संक्रमितमध्ये ५ हजार ९ सय ७३ जना बालबालिकामा कोरोना भाइरस संक्रमण देखिएको हो । तीमध्ये २ हजार ४ सय ४९ जना बालिका रहेका छन् भने ३ हजार ५ सय २४ जना बालक रहेको मन्त्रालयले जनाएको छ ।

त्यस्तै प्रदेश १मा ५८२, प्रदेश २मा ४५१, गण्डकी प्रदेशमा २८०, लुम्बिनी प्रदेशमा ६०८, कर्णाली प्रदेशमा २१४, सुदूरपश्चिम प्रदेशमा ७५७ जना बालबालिका संक्रमित भएको मन्त्रालयले जनाएको छ। तेह्रथुम, पाँचथर र मनाङ गरी ४ जिल्लामा अहिलेसम्म १० वर्षमुनिका बालबालिकामा संक्रमण देखिएको छैन । संक्रमितमध्ये ताप्लेजुङमा १ जना बालक, संखुवासभामा १ जना बालिका २ जना बालक, सोलुखुम्बुमा १ जना बालक, ओखलढुंगामा १ जना बालिका, खोटाङमा २ जना बालिका १ जना बालक, भोजपुरमा १ जना बालिका, धनकुटामा १ बालिका २ बालकमा कोरोना संक्रमण देखिएको छ ।

त्यस्तै इलाममा ८ बालिका १ बालक, मोरङमा १४० बालिका १९३ बालक, सुनसरीमा ७८ बालिका ८८ बालक, उदयपुरमा ४ बालिका १ बालक, सप्तरीमा २० बालिका ४७ बालक, सिरहामा ५ बालिका २१ बालक, धनुषामा १८ बालिका ५० बालक, महोत्तरीमा ९ बालिका ३३ बालक, सर्लाहीमा २६ बालिका ३३ बालक, रौतहटमा २९ बालिका ४४ बालक, बारामा

*(बाँकी अन्तिम पृष्ठमा)*

# अलपत्र जीपी भवन

**पार्थ मण्डल**

**भद्रपुर, मंसीर २४।** प्रधानमन्त्री केपी शर्मा ओलीले शिलान्यास गरेको झापाको भद्रपुरस्थित निर्माणाधीन गिरिजाप्रसाद कोइराला स्मृति सभागृह (जीपी भवन) डेढ वर्षदेखि अलपत्रमा परेको छ ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निर्माणाधीन भवनको म्याद थपसँगै बजेट निकासा नगर्दा सदरमुकामकै गौरवको योजना जीपी भवन अलपत्र परेको हो । करोडौंको योजना अलपत्रमा परे पनि सरकारले यसतर्फ खासै चासो नदेखाउँदा निर्माण कार्य रोकिएको स्थानीयले बताएका छन् ।

प्रधानमन्त्री ओली, तत्कालीन प्रधानमन्त्री सुशील कोइराला, तत्कालीन माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड), तत्कालीन सांसद कृष्णप्रसाद सिटौला, तत्कालीन मधेसी जनअधिकार फोरम (लोकतान्त्रिक)का अध्यक्ष बिजयकुमार गच्छदार र तत्कालीन एमालेका प्रमुख सचेतक अग्निप्रसाद खरेलको उपस्थितिमा जीपी भवनको गत २०७२ असार २८ गते भव्य समारोहकाबीच शिलान्यास गरिएको थियो ।

भद्रपुर नगरपालिका-८स्थित मेची रङ्गशाला नजिकैको जिससको स्वामित्वमा रहेको जमिनमा चारै दलका शीर्ष नेताले संयुक्त रुपमा भवनको शिलान्यास गरेपछि समयमै काम सम्पन्न हुने जनविश्वास थियो । तर, त्यो जनविश्वास वर्तमान सरकारले पूरा नगर्दा स्थानीय निराश बनेका छन् । तत्कालीन जिल्ला विकास समिति झापाले योजना हेर्न गरी प्रेरा-शाह जेभी निर्माण कम्पनीले १२ करोड ७२ लाख ६९ हजार रुपैयाँको लागतमा भवन निर्माणको ठेक्का लिएको थियो ।

निर्माणाधीन भवनको लम्बाइ ५३ मिटर र चौडाइ ३४ मिटर रहेको छ । सो भवनको पहिलो तलामा



व्यावसायिक उद्देश्यका लागि २७ वटा सटर निर्माण गरिनेछ । त्यस्तै दोस्रो तलामा दुई वा तीन वटा बैङ्क अटाउने फ्ल्याट र तेस्रो तलामा एक हजार मानिस अटाउने क्षमताको अत्याधुनिक सभा हल बनाइने गरी प्लानिङ गरिएको थियो । जसको ९६ वटा पिलर र प्रत्येक पिलर दुई फिट दुई इञ्चको वर्गाकारमा फैलिएका छन् । हाल पाँच वर्षको अवधिमा पिलर, छत र इँटा जडान गरी भवन खडा गरी त्यत्तिकै छाडिएको छ ।

'पार्टीमा आस्था राखेका दलका नेताका नाममा अहिले पनि देशभर भवनहरू रहेका छन्, जिपी भवनको कार्यलाई रोकेर राजनीतिकरण गर्नु काम राम्रो होइन'- भद्रपुर-८ नम्बर वडाध्यक्ष गौरव सुब्बा (मनोज)ले भने- 'वर्तमान प्रधानमन्त्री ओली र नेकपाका अध्यक्ष दाहाल समेत भवनको शिलान्यास गर्नु आउनु भएको थियो, उहाँहरूले शिलान्यास गरेको भवन अलपत्र पार्नु र बजेट निकासा नगर्दा भवनको यो हालत भएको हो ।' 'भवनको विषयमा पटक-पटक ध्यानाकर्षण गराउने काम स्थानीयदेखि केन्द्रीय सरकारसम्मलाई गरिरहेका छौं'- उनले भने । सरकारले बजेट रोकेर अन्याय गरेको आरोप लगाउँदै झापाकै सांसद प्रधानमन्त्री रहँदा झापा चिनाउने आयोजना अलपत्र पर्नु विडम्बना भएको नेपाली कांग्रेस क्षेत्रीय सभापति गणेश पोखरेलले गुनासो गरे ।

यता भवन निर्माण कम्पनीका प्रोप्राइटर रञ्जित साहले तोकिएकै समयमा भवन निर्माण गर्न तीव्र गति काम गरिरहे पनि सरकारले बीचैमा बजेट निकासा रोक्दा काम ठप्प बनेको बताए । जिल्ला समन्वय

*(बाँकी अन्तिम पृष्ठमा)*

## सशस्त्रका असईलाई करणीको आरोप

**झापा, मंसीर २४।** सशस्त्र प्रहरीका असईलाई १२ वर्षीया बालिकालाई जबरजस्ती करणी गर्न खोजेको आरोप लागेको छ ।

सीमा सुरक्षामा खटिएका सशस्त्र प्रहरीका प्रहरी सहायक निरीक्षक सूर्य कटुवाललाई बालिकालाई जवरजस्ती करणी गर्न खोजेको आरोप लागेको हो । उनले गौरीगञ्ज गाउँपालिका निवासी १२ वर्षीया बालिकालाई जबर्जस्ती करणी गर्ने प्रयास गरेको आरोप लागेको छ ।

सशस्त्र प्रहरीको कुञ्जिबारी बोर्डर अब्जर्भेसन पोष्ट (बीओपी) अन्तर्गत गौरीगञ्ज गाउँपालिका-२, कोरोबारीस्थित सीमा सुरक्षामा खटिएका सशस्त्र प्रहरी सहायक निरीक्षक कटुवालले सीमान्तकृत समुदायकी बालिकालाई जबर्जस्ती करणी गर्न खोजेको परिवारले आरोप लगाएका छन् ।

आइतबार राति साढे ९ बजेतिर घरमा सुत्ने तरखर गरिरहेकी बालिकालाई घरभित्रै प्रवेश गरी कटुवालले जबर्जस्ती करणीको प्रयास गरेको बताइएको छ । जबर्जस्ती गर्न खोजेपछि बालिका चिच्याएको र उनी चिच्याएको सुनेपछि सँगैको अर्को घरभित्र काम गरिरहेकी बालिकाकी आमा तत्काल घर आइपुगेकी बताइएको छ ।

आमाले लुगा समातेर कटुवाललाई बाहिर तानेपछि कटुवालले आमालाई हातले झट्काएर भागेका थिए । कटुवाल मादक पदार्थ सेवन गरी आएको बताइएको छ । घरमा बालिका र उनकी आमा मात्र थिए । पीडित बालिकाका बुबा र चार दाजुबहिनी छिमेकीकामा टेलिभिजन हेर्न गएको बताइएको छ । घटनापछि पीडित परिवार त्रसित बनेको छ ।

घटनालगत्तै असई कटुवाललाई सशस्त्र प्रहरी बल २ नम्बर गण हेडक्वाटर झापा तानिएको प्रहरी उपरीक्षक रमेशकुमार पाण्डेले जानकारी दिए । 'घटना थाह पाएलगत्तै कटुवाललाई जिल्ला तानेर २४ घण्टे स्पष्टीकरण सोधेका छौं'- पाण्डेले भने- 'हामी आन्तरिक अनुसन्धान पनि गरिरहेका छौं । दोषी देखिए कानून अनुसार कारबाही गर्न कुनै कुराले रोक्ने छैन ।' कोरोबारी प्रहरी चौकीमा सोमबार निवेदन दर्ता गर्न जाँदा प्रहरीले फर्काइदिएको परिवारले जनाएको छ । प्रहरीले नै मुद्दा दर्ता गर्दा धेरै पैसा खर्च हुने र गाउँमै घटना मिलाउनुपर्ने भन्दै उनका आफन्तलाई रोकेको बताइएको छ ।

## कांग्रेसद्वारा प्रदर्शनको तयारी तीव्र



**विर्तामोड, मंसीर २४।** बहुलबादमा आधारित संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा र सम्वर्द्धनसहितका विविध माग राख्दै आगामी मंसीर २९ गते देशव्यापी विरोध प्रदर्शनको घोषणा गरेको नेपाली कांग्रेसले यसको तयारी तीव्र पारेको छ ।

केन्द्रीय निर्देशन अनुरुप देशभरका ७७ वटै जिल्लामा गरिने प्रदर्शनको तयारी झापामा पनि तीव्र पारिएको हो । प्रदर्शनको तयारीस्वरुप बुधवार झापाका भातृ तथा शुभेच्छुक संघसंस्थाहरुको जिल्लास्तरीय भेला विर्तामोडमा सम्पन्न भएको छ । नेपाली कांग्रेस झापा मातहत रहेको भातृसंस्था समन्वय समितिका संयोजक देउकुमार थेवेको सभापतित्वमा सम्पन्न भेलाले आ-आफ्नो पहिचान झल्कने झण्डा र व्यानरसहित प्रदर्शनमा सहभागिता जनाउने निर्णय गरेको छ ।

भेलामा नेपाल महिला संघ सभापति सुशीला ढकाल, नेपाल चिया बगान श्रमिक संघका केन्द्रीय सभापति दीपक तामाङ, नेपाल ट्रेड युनियन कांग्रेसका अध्यक्ष यज्ञप्रताप अधिकारी, नेपाल तरुण दलका सभापति गोपाल तामाङ, नेपाल किसान संघ झापाका अध्यक्ष राजेन्द्र भट्टराई, नेपाल प्रेस युनियन झापा अध्यक्ष इन्दु पूर्वेली, आदिबासी/जनजाति संघका अध्यक्ष चन्दन मेचे, दलित संघ केन्द्रीय सदस्य सुन्दरा लुहागुन, झापा अध्यक्ष दलबहादुर विश्वकर्मा, नेपाल मुस्लिम संघका केन्द्रीय सदस्य सर्फरा शेख, झापा अध्यक्ष अमिन अलि शेख, नेपाल शिक्षक संघ अध्यक्ष नेत्र खरेल, नेपाल सांस्कृतिक संघका उपाध्यक्ष सञ्जीव चापागाँई, नेपाल भूतपूर्व सैनिक संघका सचिव भगिमान गुरुङ, नेपाल विद्यार्थी संघका सचिव नारायण नेपाल लगायतको सहभागिता रहेको थियो ।

यसैगरी भेलामा नेपाल निर्माण तथा सम्बद्ध श्रमिक संघका अध्यक्ष सम्फी दास, नेपाल माछा ब्यापार श्रमीक संघका अध्यक्ष सोनालाल साह, नेपाल रिक्सा चालक संघका हसिबु शेख लगायत विभिन्न भातृ तथा शुभेच्छुक संस्थाका केन्द्रीय सदस्य, पदाधिकारी र जिल्ला

*(बाँकी अन्तिम पृष्ठमा)*

## सूचना प्रणालीमा क्षति पुऱ्याउने पक्राउ

**काठमाडौं, मंसीर २४।** सूचना प्रणालीमा अनधिकृत पहुँच पुऱ्याई डाटा सार्वजनिक गरेको अभियोगमा काठमाडौं महानगरपालिका-२६ रानीबारी बस्ने नवलपरासी पश्चिम सुनवल नगरपालिका घर भएका १९ वर्षीय दिनेश तिवारीलाई प्रहरीले पक्राउ गरेको छ ।

सरकारी तथा निजी सूचना प्रवाहका आधिकारिक विद्युतीय माध्यमहरुमा अनधिकृत रुपमा पहुँच बनाई प्रचलित ऐन कानून विपरीतका कार्यहरु हुने गरेको भन्ने सूचना प्राप्त हुनासाथ प्रहरी प्रधान कार्यालय साइबर व्यूरो भोटाहिटीबाट खटिएको प्रहरीले

*(बाँकी अन्तिम पृष्ठमा)*

## साझा र विवेकशीलबीच पुन: एकीकरण

**झापा, मंसीर २४।** पार्टीमा आन्तरिक विवाद बढेपछि १७ महिनाअघि अलग भएका विवेकशील नेपाली दल र साझा पार्टीबीच पुन:एकीकरण भएको छ । विगतमा भएका कमी कमजोरीलाई आत्मआलोचना गर्दै वैकल्पिक शक्तिका रुपमा एकीकृत हुन लागेको नेताहरुको भनाइ छ ।

भर्चुअलमार्फत एकीकरणको घोषणा गरिएको नेता प्रकाशचन्द्र परियारले जानकारी दिए । पार्टी कार्यलयबाट सबै केन्द्रीय नेता तथा प्रदेश तथा जिल्लाका नेताहरुको सहभागिता रहेको नेता परियारले बताए ।

एकीकरणपछि पार्टीको नाम 'विवेकशील साझा' नै राख्ने प्रस्ताव गरिएको छ । नयाँ पार्टीमा महाधिवेशन नहुञ्जेल साझा पार्टीका अध्यक्ष रवीन्द्र मिश्रलाई अध्यक्ष र विवेकशीलका अध्यक्ष मिलन पाण्डेलाई संयोजक बनाउने नेताहरुबीच सहमति भएको छ । कार्यकारी अधिकार दुवैलाई हुनेछ । वरियतामा भने मिश्र पहिलो र पाण्डे दोस्रो हुने प्रस्ताव गरिएको छ ।

एकीकरणपछि दुवै पार्टीका ६५-६५ जना रहने गरी एक सय ३० सदस्यीय केन्द्रीय समिति गठन हुनेछ । केन्द्रीय सचिवालयमा दुवै पार्टीबाट १३ र १३ जना रही २६ जनाको हुने प्रस्ताव गरिएको छ भने अबको ६ महिनाभित्र महाधिवेशन गर्ने सहमति भएको नेता परियारले जानकारी दिए । चुनाव चिन्ह र झण्डा 'तराजु' हुनेछ ।

यसअघि यो चिन्ह साझा पार्टीले प्रयोग गर्दै आएको थियो । केन्द्रीय समिति बैठकको आव्हान र एजेन्डा तय भने अध्यक्ष र संयोजकको सहमतिले गर्ने छ । यसअघि विवेकशीलले गत चैत र

*(बाँकी अन्तिम पृष्ठमा)*

## मरिच, सुपारी, केराउ र छोकडाको आयातमा अझै रोक

**लक्ष्मी उप्रेती**

**काँकरभिट्टा, मंसीर २४।** नेपाल सरकारले मरिच, सुपारी, केराउ र छोकडाको आयातमा तत्कालका लागि रोक लगाएपछि काँकरभिट्टा नाका भएर चालूआर्थिक वर्ष २०७७/०७८को पहिलो चौमासिक अवधिमा ती वस्तुको आयात शून्य भएको छ । जसले गर्दा मेची भन्सार कार्यालय काँकरभिट्टाको राजश्व सकंलन समेत प्रभावित भएको बताइएको छ ।

समुद्रपारका मुलुकबाट नेपाल आयात भई अनधिकृत रूपले भारत निकासी हुने वस्तुमध्ये यी ४ वटा मुख्य कृषिजन्य वस्तुको आयातमा सरकारले २०७६ चैत १६ बाट तत्कालका लागि रोक लगाएको मेची भन्सार कार्यालय काँकरभिट्टा जनाएको छ ।

कार्यालयको तथ्याङ्क शाखाले दिएको जानकारी अनुसार हरियो मटर (केराउ) बाहेक बाँकी तीनवटा कृषिजन्य वस्तुको आयात शून्य छ । सरकारले निर्णय गर्नुभन्दा पहिले एलसी खोलिएका मरिच, केराउ, सुपारी र छोकडाको पैठारीमा रोक नलगाउने व्यवस्था गरे अनुसार हरियो मटर (केराउ) बाहेक



बाँकी तीनवटा कृषिजन्य वस्तुको आयात भइसकेको तथा हरियो मटर (केराउ) सरकारी निर्णय अघिकै एलसीबाट आयात भएको भन्सार अधिकारीहरुको भनाइ छ । सरकारले निर्णय गर्नुभन्दा अघि एलसी खोलिएका, सिपमेन्ट भएका वा डिएपी र टीटीमा आयात गर्न लागिएका यस्ता वस्तुको पैठारीमा रोक लगाउन नपाइने व्यवस्था थियो ।

चालूआर्थिक वर्ष २०७७/०७८को साउनदेखि कात्तिकसम्म पहिलो चौमासिक अवधिमा काँकरभिट्टा नाका भएर ४ लाख २ हजार ५ सय ८७ रुपैयाँ मूल्य बराबको १० लाख ३ हजार ९ सय ९५ केजीएम हरियो मटर (केराउ) आयात भएको छ । सो वापत कार्यालयले ६ लाख ३ सय ९१ रुपैयाँ राजश्व संकलन गरेको छ । अघिल्लो आर्थिक वर्ष २०७६/०७७ को यही अवधिमा यो नाका भएर १९ करोड २६ लाख १२ हजार ४ सय ७९ रुपैयाँ मूल्य बराबरको ४६ लाख ५ हजार ४ सय १० केजीएम हरियो मटर (केराउ) आयात गर्दा मेची भन्सार कार्यालय काँकरभिट्टाले १ करोड ६० लाख २६ हजार २ सय ३९ रुपैयाँ राजश्व संकलन गरेको थियो ।

अघिल्लो आर्थिक वर्ष २०७६/०७७को यही अवधिमा यो नाका भएर ११ करोड २७ लाख ८४ हजार ९३ रुपैयाँ मूल्य बराबरको ९ लाख ४ सय ८० केजीएम सुपारी आयात भएको थियो । सो वापत कार्यालयले ६ करोड ९१ लाख १३ हजार १

*(बाँकी अन्तिम पृष्ठमा)*

## पूर्वाञ्चल दैनिकको कार्यालयको फोन नम्बर परिवर्तन

पहिले ०२३-५४१००२/ ५४००४४

अहिले ०२३-५३१००२/ ५३००४४



नियमविपरित निर्माण सामग्री उत्खनन् गर्दा खतरामा परेको पूर्वपश्चिम राजमार्गको कनकाइ पुल । कन्काई नदीको गहिरिएर पुलको स्पाम जमिनमाथि देखिन थालेको हो । तस्वीरः बिनोद पाण्डे/पूर्वाञ्चल

## विद्यार्थीलाई प्राथमिक उपचार तालिम

**बाहुनडाँगी, मंसीर २४।** विद्यार्थीहरुका लागी प्राथमिक उपचार सम्बन्धि तीन दिने प्रशिक्षण बाहुनडाँगीमा बुधबारदेखि शुरु भएको छ ।

नेपाल रेडक्रस सोसाइटी बाहुनडाँगी उपशाखाको आयोजना तथा मेचीनगर-२ नं. वडा कार्यालयको सहयोगमा प्रशिक्षण शुरु भएको हो । नेपाल रेडक्रस सोसाइटी झापा शाखाको प्राविधिक सहयोगमा शुरु भएको प्रशिक्षणमा बाहुनडाँगी क्षेत्रका ९ वटा विद्यालयका २८ जना विद्यार्थीहरुको सहभागिता रहेको छ । प्रशिक्षणमा रेडक्रसकर्मीहरु विश्व थापा, डिल्लीराम भण्डारी, प्रकाशचन्द्र खरेल, लम्बोदर पौडेल र केदार महतले सहजीकरण गरिरहेका छन् ।

प्रशिक्षणको एक समारोहबीच कार्यक्रमका प्रमुख अतिथि मेचीनगर-२ नं. वडाका वडाध्यक्ष तिलक न्यौपानेले उद्घाटन गरेका थिए । उपशाखाका सदस्य पुष्कर गुरागाँईले स्वागत गरेको कार्यक्रममा रेडक्रस झापा शाखाका प्राथमिक उपचार समितिका संयोजक विश्व थापाले प्रशिक्षणको औचित्यमाथि प्रकाश पारेका थिए । आयोजक संस्थाका सभापति घनश्याम दाहालको सभापतित्वमा सम्पन्न तालिम उद्घाटन समारोहको सञ्चालन सचिव विपन प्रधानले गरेका थिए ।

## डाइस खेलिरहेको अवस्थामा चार जना पक्राउ

**धनकुटा, मंसीर २४।** साँगुरीगढी गाउँपालिका-७ गोरखारीस्थित राईहरुको पर्व सरस्वती पूजामा डाइस खेलिरहेको अवस्थामा चार जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा साँगुरीगढी गाउँपालिका-७ बस्ने २९ वर्षीय प्रतिभा राई, सोही गाउँपालिका-९ बस्ने २६ वर्षीय सुजन राई, सुनसरी धरान उपमहानगरपालिका-२० बस्ने २० वर्षीय प्रदीप राई र सोही ठाउँ बस्ने २४ वर्षीय मीनकुमार राई रहेका छन् ।

उक्त पूजामा डाइस खेलिरहेको भन्ने खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय भेडेटारबाट खटिएको प्रहरीले उनीहरुलाई नगद १ लाख ६० हजार रुपैयाँ र एक सेट डाइससहित पक्राउ गरेको हो ।

# ‘रासायनिक मलको सट्टा जैविक मल’

**दमक, मंसीर २४।** झापाको कमल गाँउपालिकाले व्यावसायिक कृषि कर्ममा लागेका किसानहरुलाई बिषादि तथा रसायनिक मलको विकल्पमा जैविक मल प्रदान गर्ने अभियानलाई तीब्रताका साथ अघि बढाएको पाइएको छ ।

किसानहरुलाई तालिम दिएर मल उत्पादन गर्न सिकाउनुका साथै गाँउपालिका कार्यालयभित्र नै जैविक बिषादि तथा खाद्य तत्वहरु बनाएर निःशुल्क वितरण गर्दै आएको छ ।

गाउँपालिकाका कृषि शाखाका कृषि प्राविधिक मदन बोहोराका अनुसार बालीहरुलाई चाहिने खाद्यतत्व अर्थात् डी कम्पोजर मल किसानहरुलाई निःशुल्क प्रदान गरिँदै आएको छ । उक्त बिषादि तथा खाद्य तत्व बनाएर गाउँपालिका कार्यालय परिसरमा नै राखिएको छ । कृषि शाखामा आएका किसानहरुलाई यस बिषयमा जानकारी गराइने र किसानहरुले त्यो लिएर जाने गरेको उनले बताए ।

जैविक युरिया बनाउन थालिएको भए पनि स्थानीयले गन्ध आयो, आसपासमा दुर्गन्ध फैलियो भनेर गुनासो गरेपछि रोकिएको उनले बताए । स्थानीयलाई प्रदान गर्नका लागि नै हामीले बनाएका हौं तर उहाँहरुले विरोध गरेपछि त्यो रोकेका छौं- बोहोराले भने । २ सय केजीभन्दा बढी बनाएर किसानलाई उपलब्ध गराएको उनले जानकारी दिए ।

रसायनिक मल तथा बिषादिकोको विकल्पमा जैविक तथा वानस्पतिक बिषादि र मलको प्रयोग बढिरहेको र आफूहरुले किसानले खोजे जति उपलब्ध गराएको अर्का कृषि प्राविधिक प्रेम पोखरेलले बताए । उनका अनुसार चालू आर्थिक बर्षमा यसबाट झण्डै ३ सय किसान लाभान्वित भएका छन् । किसानहरुले आएर आवश्यकता अनुसार डी कम्पोजर र जैविक बिषादि लैजान सक्ने व्यवस्था मिलाएको पोखरेलले बताए ।

**रैथाने बाली जोगाउने अभियान**

यसैबीच गाउँपालिकाले परम्परागत रैथाने बाली जोगाउनका लागि पनि यो बर्ष कार्यक्रम शुरु गरेको छ । यस अन्तर्गत हराउँदै गएको तिल, आलस, जौ लगायतको बालीका लागि आवश्यक पर्ने वीऊमा ५० प्रतिशत अनुदान दिइएको गाउँपालिकाको कृषि शाखाले जनाएको छ । किसानले आफैं वीऊ ल्याएर रोप्न तथा छर्न सक्ने र त्यसको बिल ल्याएपछि आधा अनुदान रकम पाउने पनि बताइएको छ ।

## दुई वडा ‘तरकारी जोन’

**दमक, मंसीर २४।** झापाको दमक नगरपालिकाले आफ्ना २ वटा वडालाई तरकारी जोनको रुपमा विकास गर्नका लागि लिजमा लिएर जग्गा नहुने किसानलाई उपलब्ध गराउने भएको छ । यसका लागि सार्वजनिक सूचना गरेर नै जग्गा लिज तथा भाडामा लगाउनेहरुलाई नगरपालिकामा सम्पर्क गर्न भनिएको छ । यसमा भुटानी शरणार्थीहरु पनि सहभागी रहनेछन् ।

कम्तीमा ६ बर्षदेखि १० बर्षसम्म नगरपालिकाले उक्त जग्गा तरकारी खेती गर्न इच्छुक किसानलाई उपलब्ध गराउने तयारी अनुसार काम अघि बढेको दमक नगरपालिकाकी उपप्रमुख गीता अधिकारीले बताइन् । तरकारी खेतीका लागि उपयुक्त र बिजुलीपानीको सुविधा भएको ठाउँको जग्गा नगरपालिकाले लिजमा लिन लागेको हो- अधिकारीले भनिन् ।

नगरपालिका र जग्गाधनी बसेर जग्गाको लिज मूल्य निर्धारण गरिने उनले जानकारी दिइन् । यो नगरपालिकाको नयाँ कार्यक्रम भएको बताइएको छ । जग्गा भएर पनि खेती हुन नसकेको जग्गा समेत उपयोगमा आउने र धेरै जग्गा हुनेहरुको जग्गामा जग्गा नहुने किसानले खेती गर्ने अवसर पाउने अधिकारीको भनाइ छ ।

दमक नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत गणेश तिम्सिनाका अनुसार जग्गा नहुने र हुने किसानबाट तरकरी खेतीका लागि आवेदन माग गरिएको छ । नगरपालिकाले जग्गाको भाडा एक बर्षसम्म व्यहोर्ने र त्यसपश्चात किसानले व्यहोर्नु पर्ने जनाइएको छ । यसैगरी तालिम, मल, वीऊ एकबर्षका लागि नगरपालिकाले व्यवस्था गर्ने पनि तिम्सिनाले बताए ।

पहिलोपटक जमिन सम्याउने, तयारी गर्नेदेखि लिएर औजार तथा उपकरणहरु नगरपालिकाले नै व्यवस्था गर्ने पनि जनाइएको छ । एक किसान बराबर ४देखि ५ कट्ठा जमिन उपलब्ध गराउने र सामुहिक हित विकास गर्न समूहहरु निर्माण गर्ने पनि तयारी रहेको तिम्सिनाको भनाइ छ । भुटानी शरणार्थीहरु र स्थानीय नागरिकहरुको संयुक्त समूह बन्ने समेत जनाइएको छ ।

दमक नगरपालिकाका प्रमुख रोमनाथ ओलीका अनुसार तरकारीमा दमकलाई आत्मनिर्भर बनाउनका लागि र किसानलाई तरकारी खेतीमा प्रोत्साहित गर्नका लागि जिल्लामा नै यो नयाँ कार्यक्रम हुन सक्ने बताए । हामी किसानलाई तरकारी खेती गर्नका लागि एक बर्षको सबै खर्च व्यहोर्दैछौं र त्यसको आम्दानी किसानको नै हुनेछ- नगर प्रमुख ओलीले भने ।

त्यो आम्दानीबाट अर्को बर्षबाट किसान आफैंले पनि खेतीलाई निरन्तरता दिन सक्छन् भन्ने हाम्रो सोच हो- उनले भने । बिषादिरहीत तथा अर्ग्यानिक उत्पादनमा आफूहरुले जोड दिने पनि नगरप्रमुख ओलीको भनाइ छ । बजारीकरणमा पनि नगरपालिकाले नै सहयोग गर्ने बताइएको छ । उत्पादन भएको तरकारीको बजारीकरणमा पनि नगरपालिकाको कृषि शाखाले सहयोग गर्ने नगरपालिकाले जनाएको छ ।

### मरिच ...

सय १९ रुपैयाँ राजस्व संकलन गरेको थियो । चालू आर्थिक वर्ष २०७७/०७८ को साउनदेखि कात्तिकसम्म पहिलो चौमासिक अवधिमा काँकरभिट्टा नाका भएर सुपारीको आयात ठप्प हुँदा कार्यालयको राजश्वमा पनि गम्भीर धक्का पुगेको प्रमुख भन्सार अधिकृत ध्रुवराज विश्वकर्माले जानकारी दिए । उनका अनुसार कूल राजश्वको करिव ८देखि १० प्रतिशत हिस्सा सुपारीले ओगटेको थियो ।

यसैगरी, अघिल्लो आर्थिक वर्ष २०७६/०७७को यही अवधिमा यो नाका भएर २४ करोड ७ लाख ६० हजार ८ सय १० रुपैयाँ मूल्य बराबरको ५८ हजार केजीएम मरिच आयात हुँदा ८८ लाख १४ हजार ८ सय ५० राजश्व संकलन भएको थियो भने ३ करोड ६८ लाख ६६ हजार २ सय ८ रुपैयाँ मूल्य बराबरको ४ लाख ३७ हजार ३ सय ५० केजीएम छोकडा आयात भएको थियो । त्यस वापत कार्यालयले १ करोड ४ लाख ६२ हजार २ सय ७८ रुपैयाँ राजश्व संकलन गरेको कार्यालयले जनाएको छ ।

तर, चालूआर्थिक वर्ष २०७७/०७८ को साउनदेखि कात्तिकसम्म पहिलो चौमासिक अवधिमा काँकरभिट्टा नाका भएर यी दुवै कृषिजन्य बस्तुको आयात ठप्प छ । केही महिना नेपालमा सुपारी, मरिच, केराउ र छोकडा नभए पनि कुनै असर नपर्ने भन्दै आयात रोकिएको हो । व्यवसायीहरुले कोरोना भाइरसका कारण नेपालको पर्यटन उद्योग नराम्ररी खस्किएको बताएपछि उद्योगका लागि कच्चा पदार्थका रुपमा मरिच आवश्यक पर्ने जिकिर गरे लगत्तै आयात फुकुवा भएको भन्सार अधिकारीले बताए । शुरुमै सरकारले मरिच, सुपारी, केराउ र छोकडाको आयातमा तत्कालका लागि रोक लगाएपछि आयातकर्ताले विभिन्न खाले प्रतिक्रिया व्यक्त गरेका थिए ।

सरकारले चार मुख्य वस्तुको आयातमा रोक लगाएर नेपालमा भारतीय मुद्राको अभाव गराउन खोजेको व्यवसायीहरुले आरोप लगाएका थिए । सरकारले नेपालमा २ वर्षका लागि पुग्ने केराउ, मरिच, छोकडा र सुपारी रहेको जिकिर गरेको थियो । तर, व्यवसायीहरुले त्यसमा सत्यता नभएको भन्दै टिप्पणी गरेका थिए । नेपाल सरकारले रोक लगाइएका मालवस्तु नेपालबाट भारततर्फ नै जान्छन् भन्ने कुरा सवैमा अवगत नै छ ।

### झापाका ...

१९ बालिका २५ बालक, पर्सामा ३२ बालिका ४१ बालक, दोलखा १२ बालिका ९ बालक, सिन्धुपाल्चोकमा ६ बालिका ६ बालक, रसुवामा १ बालिका ,धादिङमा १० बालिका १२ बालक,नुवाकोटमा १० बालिका १९ बालकमा संक्रमण देखिएको छ ।

उता काठमाडौंमा ८७३ बालिका १२११ बालक, भक्तपुरमा ९७ बालिका १५९ बालक, ललितपुरमा १४६ बालिका र २१२ बालक, काभ्रेपलान्चोकमा ३६ बालिका ३७ बालक, रामेछाप ६ बालक , सिन्धुलीमा ४ बालिका र ४ बालक, मकवानपुरमा २८ बालिका ४५ बालक, चितवनमा ३६ बालिका १०२ बालक, गोरखामा १९ बालिका १७ बालक, मुस्ताङमा २ बालक, म्याग्दीमा १ बालिका २ बालक, कास्कीमा ४२ बालिका ४७ बालक, लमजुङमा ६ बालिका ११ बालक, तनहुँमा १२ बालिका १७ बालक, नवलपरासी पूर्वमा २६ बालिका ४३ बालक , स्याङ्जामा ५ बालिका १६ बालक संक्रमित छन् ।

त्यस्तै पर्वतमा १ बालिका ३ जना बालक, बाग्लुङमा २ बालिका ८ जना बालक, रुकुम पूर्व १ बालक , रोल्पामा २ बालिका १ बालक, प्युठानमा १६ बालिका १५ बालक, गुल्मीमा १५ बालिका १४ बालक, अर्घाखाँचीमा १२ बालिका १६ बालक, पाल्पामा १७ बालिका १५ बालक, नवलपरासी पश्चिममा १२ बालिका २० बालक, रुपन्देहीमा ९१ बालिका र ११७ बालक, कपिलवस्तुमा २४ बालिका ३१ बालक, दाङमा ३४ बालिका २९ बालक, बाँकेमा ४३ बालिका ४६ बालक, बर्दियामा १४ बालिका २३ बालक, डोल्पामा २ बालक , मुगुमा २ बालक, हुम्लामा १ बालक, जुम्लामा ४ बालिका ३ बालक, कालिकोटमा ३ बालिका १२ बालक, दैलेखमा १२ बालिका ४७ बालक, जाजरकोटमा ३ बालिका १ बालक संक्रमित छन् ।

त्यसैगरी रुकुम पश्चिममा ३ बालिका २ जना बालक, सल्यानमा ६ बालिका १५ बालक , सुर्खेतमा ४३ बालिका ५३ बालक, बाजुरामा ३३ बालिका ३३ बालक, बझाङमा ३३ बालिका ५९ बालक, दार्चुला ५ बालिका ५ बालक , बैतडीमा १० बालिका १२ बालक, डडेल्धुरामा ७ बालिका १७ बालक, डोटीमा ६४ बालिका ८७ बालक, अछाममा ४१ बालिका ७९ बालक, कैलालीमा ८६ बालिका १३० बालक, कञ्चनपुरमा २७ बालिका २९ बालकमा संक्रमण देखिएको मन्त्रालयको तथ्याङ्कमा उल्लेख छ ।

### कांग्रेसद्वारा ...

सदस्यहरुको सहभागिता रहेको थियो ।

यसैबीच प्रदर्शनको तयारीका लागि झापाका १५ वटै स्थानीय तहका १३१ वटै वडामा वार्डभेला सम्पन्न भएको छ । नेपाली कांग्रेस झापाको गत २१ गते सम्पन्न बैठकले वार्डतहमा खटाएका जिल्ला प्रतिनिधिको सहभागितामा वडा कार्यसमितिको बैठक तथा भेला सम्पन्न भएको हो ।

कनकाई नगरपालिकाको सुरुङ्गाबाट शुरु भई सदरमुकाम केन्द्रीत हुने प्रदर्शनको पूर्वतयारीका लागि बसेको बैठकले सम्पूर्ण क्रियाशील सदस्य तथा आम लोकतन्त्रप्रेमी महानुभावमा सहभागिताका लागि अपिल पनि गरेको छ । प्रदर्शनको तयारीका लागि गाउँ, नगर र प्रदेश क्षेत्रीय समितिको संयुक्त बैठक मंसीर २५ गते हुने नेपाली कांग्रेस झापाका कार्यालय सचिव जयकुमार दाहालले जानकारी दिए । उनका अनुसार मंसीर २७ गते क्षेत्रीय समितिको बैठक सम्पन्न हुनेछ ।

कोभिड-१९ नियन्त्रण, परीक्षण र उपचारमा सरकारले देखाएको उदासीनता, अकर्मण्यता एवम् स्वास्थ्य सामग्री खरिदमा भएको अनियमितता, भ्रष्टाचारको विरोध, गतमंसीर १७ गते तनहु जिल्लामा नेपाली कांग्रेसका बरिष्ठ नेता रामचन्द्र पौडेलमाथि सरकारकै निर्देशनमा भएको अभद्र व्यवहार र दमनको बिरोध तथा अविलम्ब संसद बैठक बोलाउन माग गर्दै देशव्यापी प्रदर्शनको तयारी गरिएको नेपाली कांग्रेस झापाका सभापति उद्धव थापाले जानकारी दिए । सदरमुकाम केन्द्रीत हुने सो विरोध प्रदर्शनमा १५ हजारभन्दा बढीको सहभागिता गराउने लक्ष्यसहित तयारी थालिएको पार्टीले जनाएको छ ।

### अलपत्र ...

समिति झापालाई बजेटको बारेमा पटक-पटक जानकारी गराइसकेको बताउँदै उनले भने- ‘निर्माण कार्य रोकिँदा आफूले पाउनुपर्ने बजेट पनि फछ्र्यौट हुन सकेन, आफ्नै लगानीमा कसरी काम गर्नु, कुन मन्त्रालयबाट पैसा फछ्र्यौट हुन्छ त्यो त थाहा छैन ।’

सरकार परिवर्तनसँगै संघीयतामा देश गएपछि जीपी भवनमा यस्तो समस्या उत्पन्न भएको गुनासो पोख्दै उनले भने- कांग्रेसको भवन भएर बजेट निकासा नभएको हुन सक्छ, नेकपाको भवन भएको भए उहिले काम सकिसक्थ्यो होला, ‘चार दलका शीर्ष नेताले एकै पटक शिलान्यास गरेको भवनको त हालत यस्तो छ, यो भद्रपुरवासीको लागि दुर्भाग्य हो- उनले थपे । त्यस्तै जिल्ला समन्वय समितिका अध्यक्ष सोमनाथ पोर्तेलका अनुसार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले भवनको म्याद थप्न नमान्दा यस्तो समस्या आएको बताए । ‘जिससले पटक-पटक मन्त्रालयलाई यस विषयमा ध्यानाकर्षण गराउँदै लिखित पत्र नै पठाइसकेको छ, तर मन्त्रालयले म्याद थप्न नमिल्ने बताउँदै आइरहेको छ’- अध्यक्ष पोर्तेलले भने ।

जिसससँग प्राविधिक कर्मचारी नभएकोले पनि समस्या भइरहेको बताउँदै उनले भने- ‘कि मन्त्रालयले म्याद थप्नु पर्छ वा ठेक्का सम्झौता तोडेर नयाँ प्रक्रियाबाट भवन निर्माण प्रक्रिया लैजानु बाहेक अन्य विकल्प छैन ।’ प्रधानमन्त्रीज्यूले समेत शिलान्यास गरेको भवन रहेकोले यस विषयमा प्रधानमन्त्रीको सचिवालयसम्म कुरा राखिसकेका छौं, तर अहिलेसम्म त्यहाँबाट सुनवाइ भएको छैन ।

### सूचना ...

तिवारीलाई पक्राउ गरेको हो । सूचनाको विशिष्टिकृत प्राविधिक विश्लेषण तथा अनुसन्धानको क्रममा उनले निजी क्षेत्रको अनलाइन व्यापारको डाटा ब्रिच गरी डाटा सार्वजनिक गरी विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३को परिच्छेद-९ बमोजिमको कसूर गरेको खुलेपश्चात पक्राउ गरेको प्रहरीले जनाएको छ ।

### साझा ...

साझाले गत असारमा एकीकरणका लागि वार्ता गर्ने निर्णय गरेका थिए ।

विवेकशीलबाट निर्देश सिलवालको संयोजनमा रञ्जु दर्शना र रमेश पौडेल तथा साझाबाट समीक्षा बाँस्कोटा संयोजक एवम् किरण श्रेष्ठ र केशव दाहाल सदस्य रहेको वार्ता संयोजन समिति गठन गरिएको थियो । सो समितिले तयार गरेको प्रस्तावका आधारमा भएको छलफलपछि एकीकरण गर्ने सहमति भएको हो ।


## राहदानी हरायो

**काँकरभिट्टाबाट केर्खा जाने क्रममा यही मिति २०७७।०७।१० गते मेरो निम्न व्यहोराको राहदानी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा बुझाई दिनुहुन अनुरोध छ ।**

**नाम**:- सुष्मा सुब्बा थापामगर
**ठेगाना**:- तोपगाछी–५, झापा
हालको ठेगाना: कमल–४, झापा
**राहदानी नं.**:- १११९२११८
मोवाइल नं. ९८१५९४२०३१



## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३–५४६००५




दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।



## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।



## ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२/९८०१३६४०९३



प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश नं. १
स्वास्थ्य निर्देशनालय
मेची अञ्चल अस्पताल, भद्रपुर झापाको

## कर्मचारी सेवा करारमा लिने बारेको सूचना

**प्रथमपटक प्रकाशित मिति २०७७/०८/२५ (बिज्ञापन नं. ६)**

यस अस्पतालमा ओ.एस.टी. कार्यक्रमतर्फको मेडिकल अधिकृत आवश्यक भएको हुँदा सेवा करारद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस कार्यालयको प्रशासन शाखामा आवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । निबेदन यसै कार्यालयबाट उपलब्ध हुनेछ ।

| सि.नं. | विवरण | पद | पद संख्या | मासिक तलब रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | ओ.एस.टी. कार्यक्रमतर्फ | मेडिकल अधिकृत | १ (एक) | कार्यक्रमा तोकेको तलब स्केल बमोजिम | स्थानीयता/लोपोन्मुख/सीमान्तकृत/अतिसीमान्तकृत/दलित भएको भए सोको सिफारिस पेश गर्नु पर्नेछ । |

**निम्न**

१) नेपाली नागरिक ।
२) **न्यूनतम शैक्छिक योग्यताः** नेपाल सरकारबाट मान्यता प्राप्त संस्थाबाट सम्बन्धित बिषय लिई उत्तीर्ण गरेको हुनुपर्नेछ ।
३) **उमेरको हद :** २१ बर्ष पूरा भई ४५ बर्ष ननाघेको हुनुपर्ने छ ।
४) सम्बन्धित निकायबाट प्राप्त काउन्सिलमा दर्ता भएको प्रमाण–पत्र , म्याद नाघी नवीकरण नभएकोलाई मान्यता दिइने छैन ।
५) अन्य प्रचलित कानूनद्वारा अयोग्य नभएको ।
६) **निबेदनमा संलग्न गर्नुपर्ने :–** उम्मेद्वारको व्यक्तिगत बिवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाण–पत्रको प्रमाणित प्रतिलिपि,कार्य अनुभव भएको भए नियुक्ति पत्र र सेवा प्रमाणित पत्रको प्रमाणित प्रतिलिपि, प्रचलित कानून बमोजिम काउन्सिलमा दर्ता भएको प्रमाणित प्रतिलिपि संलग्न हुनु पर्नेछ । पेश गरिने सबै प्रतिलिपिको पछाडि उम्मेदवारले हस्ताक्षर गरी प्रमाणित गर्नु पर्ने छ ।
७) परीक्षाको माध्यम अन्तरवार्ता हुनेछ ।
८) अन्तरवार्ता ०७७/९/१२ गते बिहानको ११.०० बजे हुनेछ ।
९) करार म्याद बढीमा ०७८ असार मसान्तसम्म मात्र रहने छ ।

निबेदन दिने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा त्यसको भोलिपल्ट आबेदन बुझाउन सकिने छ ।



श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित – कार्यालय : बिर्तामोड–१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०५५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ उपसम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

सम्पादकीय

## मानव अधिकार दिवस र अपेक्षा

**मानिसलाई जीवनयापन गर्न आधारभूत अधिकारको आवश्यकता हुन्छ । त्यस्ता आधारभूत अधिकार मानव जीवनको मर्यादा, स्वतन्त्रता र स्वाभिमानसँग जोडिएका हुन्छन् । विश्वका करोडौं प्राणीहरुमध्ये मानव श्रेष्ठ प्राणी हो भन्ने आधार पनि त्यही हो । त्यसैले विश्वमा मानव अधिकारलाई प्रमुखताका साथ हेरिन्छ र त्यसको पालनाका लागि अनेक सभा, सम्मेलन, गोष्ठीहरुका माध्यमबाट प्राप्त निष्कर्षलाई सन्धिका रुपमा अनुमोदन गरिन्छ । सबै देश, धर्म र संस्कृतिका आम नागरिकका लागि बिना भेदभाव आधारभूत नैतिक मान्यताका आधारमा प्रत्याभूत गरिएको अधिकार नै मानव अधिकार हो । यो जाति, भाषा, धर्म, लिङ्ग, राष्ट्रियता, आर्थिक अवस्था र सीमानाका आधारमा संयुक्त राष्ट्रसंघको सन् १९४८ मा सम्पन्न महासभाले मानव अधिकार घोषणापत्र पारित गरेको थियो । त्यही इतिहासको स्मरण गर्न प्रत्येक वर्ष अन्तर्राष्ट्रिय मानव अधिकार दिवस मनाइन्छ ।**

**संयुक्त राष्ट्रसंघको महासभाले पारित गरेको अन्तर्राष्ट्रिय महत्वको त्यही ऐतिहासिक दिवस हो आज । अर्थात् डिसेम्बर १० लाई अन्तर्राष्ट्रिय मानव अधिकार दिवसका रुपमा विभिन्न कार्यक्रमहरुको आयोजना गरी इतिहासलाई स्मरण गरिन्छ । यो दिनले सम्पूर्ण मानव जातिलाई आधारभूत मानव अधिकारप्रति सचेत गराउँछ र अधिकार प्राप्तिका लागि आवाज उठाउन प्रेरीत गर्दछ । यसकै आधारमा बिना कुनै भद्भाव मानवलाई सशक्त बनाउँछ, बन्धुत्वको भावना जाग्रत गराउँछ र द्वन्द्वलाई रोकेर शान्ति स्थापनामा मद्दत पुऱ्याउँछ । यसकै सहायताले मात्र शिक्षा, स्वास्थ्य, यात्रा, व्यापार लगायतको उपभोग र सेवाको सुनिश्चितता सम्भव छ । यसैले प्रत्येक मानवले जन्मिँदै प्राप्त गरेका अधिकारहरुको उपयोग गर्दै बन्धुत्व, प्रेम, सद्भाव र सहिष्णु भावको विकास गर्न सहयोग गर्छ ।**

**आज विश्व कोभिड-१९ को प्रभावमा परेको छ । यसले विश्वका मानव जातिमा जीवन रक्षाको त्रास खडा गरेको छ । त्यसैले मानव अधिकारका आधारशिलाहरु पनि कमजोर बनिएका छन् । त्यसलाई रोक्न सरकारहरुले अख्तियार गरेको प्रावधानले हिँडडुल गर्न, पढ्न, घुम्न लगायतका अधिकारको उपभोग गर्न पाइएको छैन । त्यसैगरी अहिले मानवीयता, नैतिक मूल्य र मान्यता स्खलित भइरहेको छ । बालिकादेखि वृद्धासम्म शारीरिक शोषणमा पर्दैछन्, कतै आर्थिक कारणले दबिएका छन् कतै धर्म, लिङ्ग र भाषाका आधारमा विभेद भइरहेको छ । विश्वभर कतै सत्ताका लागि सशस्त्र द्वन्द्व भइरहेका छन्, द्वन्द्वकै चपेटामा कैयौंको मानव अधिकार हनन् भएको छ, पीडितले न्याय पाएको छैन, पीडक सत्ताको सुख भोगिरहेको छ । अपराधी र दोषीहरुलाई शासन हातमा लिनेहरुले नै संरक्षण दिइरहेका छन् । कमजोर वर्ग झन् कमजोर बन्दैछ । यस्तोमा मानव अधिकार दिवसले आफूलाई चिन्ने र सशक्त बन्ने प्रेरणा दिओस्– शुभकामना ।**

# मानव अधिकारप्रति सरकारको कमजोर जवाफदेहिता



विष्णु खरेल

१० डिसेम्बर आज अन्तर्राष्ट्रिय मानव अधिकार दिवस, मानव भएकै नाताले विश्वका मानवहरुको अधिकारको ग्यारेण्टी गरिएको दिन । अझ भनौं, राज्यले मानव अधिकारको संरक्षण, सम्बर्द्धन, सुरक्षण र परिपालना गर्न बाध्य भएको दिन । त्यसैले आजको दिनलाई विशेष महत्वका साथ मनाउने गरिन्छ । नेपालमा मात्र होइन आज विश्वभरका अधिकारकर्मीहरु आजको दिनलाई विशेष महत्वकासाथ मनाई रहेका छन् । संयुक्त राष्ट्रसंघले यस बर्षको अन्तर्राष्ट्रिय मानव अधिकार दिवशको नारा 'Recover Better-Stand Up for Human Rights' तोकेको छ । यस नाराले अहिले विश्वभरमा माहामारीका रुपमा रहेको कोभिड-१९ ले मानव जीवनमा पारेको असर, मानिसको अधिकारमा पारेका प्रभाव र राज्यको दायित्व र जवाफदेहिताको खोजी गरेको छ । यस्तो अवस्थामा हुने मानव अधिकार उल्लंघन हुन नदिन प्रयास गरौं भन्ने आह्वान गरिएको छ ।

मानिसहरु कोभिड-१९ को असर मानिसको स्वास्थ्यमा बढी नै परेको चर्चा गरिरहेका छन् । नेपालको सन्दर्भमा राज्यले कोभिडको असरलाई नजरअन्दाज गरेको छ । कोभिडको असर स्वास्थ्यमा मात्र केन्द्रित नभई त्योभन्दा बढी रुपमा फैलिएको छ । कोभिड-१९ का कारण उब्जिएको आर्थिक, सामाजिक, शैक्षिक, न्यायिक तथा स्वास्थ्य संकट विकराल भएको छ । मानव अधिकारका मुख्य विषयका रुपमा रहेका नागरिक तथा राजनीतिक अधिकार, आर्थिक, सामाजिक तथा सांस्कृतिक बधिकार, बाल अधिकार, महिला अधिकार, श्रमिक अधिकार, हिंसा तथा यातनाविरुद्धको अधिकार जोखिममा परेका छन् । मानव जीवनमा महत्वपूर्ण अर्थ राख्ने यस्ता अधिकारलाई सुनिश्चित गराई नागरिकको सुरक्षा, उचित संरक्षण र परिपुरण गर्ने कुरामा नेपाल सरकारको जवाफदेहिता कमजोर देखिएको छ । कोभिड-१९ का कारण भएको मानवीय क्षति अर्थात् ज्यान गुमाएकाहरुको संख्याभन्दा यस्तो भयाभव संकटको समयमा राज्यले मानव अधिकार सरंक्षण गर्न नसकेर उब्जेका संकट झन् विकराल र भयवित पार्ने अवस्थाका छन् ।

पहिलो कुरा त यस्तो भयाभव संकटको विश्वभर अनुमान भइरहँदा नेपाल सरकारले यस्को पूर्वानुमान नै गरेन । विश्वमा संक्रमणको माहामारी फैलिरहँदा नेपाल सुरक्षित नै थियो । नेपाल सरकारलाई तयारीको लागि धेरै समय थियो । कोरोना संक्रमणले के-कस्तो समस्या ल्याउन सक्छ र नागरिकहरुको दैनिक जनजीवनमा के-कस्तो असर पार्न सक्छ भन्ने विषयमा सरकारले सोचेर योजना बनाउने र तयार गर्ने समय पर्याप्त थियो । संक्रमणको समयमा उल्लंघन हुन सक्ने मानव अधिकार, वेरोजगारी, भोकमरी तथा आर्थिक, सामाजिक र शैक्षिक क्षेत्रमा हुन सक्ने क्षति समेत अनुमान गरी संयुक्त राष्ट्रसंघ लगायत विभिन्न अन्तर्राष्ट्रिय संघ-संस्थाहरुले विभिन्न प्रतिवेदन सार्वजनिक गरेका पनि थिए । नेपालले त्यसतर्फ कुनै ध्यान दिएन, लकडाउन नै एउटा मात्र अचुक हतियार हो भन्ने ठान्यो । सरकारले बिना योजना लकडाउनको घोषणा गरेका कारण संक्रमणको बेलामा विदेशमा रहेका नेपाली नागरिकहरु आफ्नो देशमा आउन अनेकौं व्यवधान व्यहोर्न बाध्य भए । सुरक्षितरुपमा आउन र भित्र्याउने व्यवस्थापन गर्न सक्ने अवस्था हुँदाहुँदै त्यसतर्फ योजना तयार नगरी लकडाउन घोषणा गरियो जसले गर्दा हजारौं व्यक्तिहरु विमानस्थल र नेपाल भारत सिमानामा अलपत्र हुन पुगे । उनीहरु अपमान र पीडा सहदै भोकभोकै विदेशी भूमिमा तडपिएर बस्न बाध्य भए ।

अझ, गर्भवती महिलाहरुले उपचार नपाएर आमा र शिशुको मृत्यु भएका घटनाहरु धेरै देखिए । गत आर्थिक वर्षमा मात्र नेपालमा सात लाख ५७ हजार महिला गर्भवती भएका थिए भन्ने कुरा स्वास्थ्य मन्त्रालयको अभिलेख थियो । त्यही आधारमा पनि यस्तो अवस्थामा गर्भवती तथा प्रजनन् स्वास्थ्य जाँच र सेवा, प्रजनन्सँग सम्बन्धित आकस्मिक स्वास्थ्य सेवा कसरी पुऱ्याउने भन्ने बारेमा कुनै नियमित तयारी र प्राविधिक तयारी बिना घोषणा गरिएयो । यसरी गरिएको लकडाउनले गर्भवती जाँच तथा सुत्केरीको लागि अस्पतालमा आउन यातायतको समस्या, संक्रमणको डर, अस्पतालसम्म पुगेकाहरुलाई पनि स्वास्थ्यकर्मीद्वारा सेवा दिन गरिएको इन्कार, सुत्केरीले अस्पतालमा उपचार नपाएको, सुत्केरीको व्यथा लागेर अपरेसन गर्न ठिक्क पारेको मानिसलाई संक्रमण थाहा पाएपछि उपचार नगरिएको, संक्रमण फैलिएको जिल्लाबाट आएकै कारण उपचार नगरिएको, सिकिस्त बिरामीहरुले अस्पतालमा भर्ना नपाएर एम्बुलेन्समा नै मृत्यु भएका धेरै घटनाहरु देखिए । नागरिकको स्वास्थ्य उपचार पाउने अधिकारको व्यवस्थापन गर्न सरकारले कुनै व्यवस्थित योजना तयार गर्न सकेन र गरेन, पनि ।

लकडाउनको समयमा व्यक्तिको दैनिक आम्दानी र भएको स्रोतको व्यवस्थापनतर्फ सकारले प्रक्रियागत रुपमा संवेदनशील हुनुपर्नेमा वर्षौं लगाएर उत्पादन गरेको तरकारी कुहियो, कुखुरा जमिनमा गाडियो, दूध बाटोमा फालियो भने सक्रिय मानवीय शक्ति कोठामा भोकभोकै थुनिएर बस्न बाध्य भए । मानिसको दैनिकी यति कठोर र पीडादायी बन्यो कि, भोखका कारण आत्हत्या गरिएका समाचारहरु, आए । सरकार यस्ता विषयमा संवेदनशील देखिएन ।

कोभिड-१९ बाट संक्रमित हुनु भनेको जघन्य सामाजिक अपराध गरेको जस्तो ढंगले प्रचारित र अनुभूत गराइयो । यसलाई सहज बनाउन र संक्रमितको आत्मसम्मान जोगाउन कुनै प्रयास गरिएन । संक्रमितहरु अपमानित भएको पीडामा बस्न बाध्य भए । जसका कारण बिरामी भएकाहरु सार्वजनिक हुन डराए भने नभएकाहरु संक्रमण सर्लाकी भन्ने डरले अस्पताल तथा उजुरीको लागि सम्बन्धित निकायसम्म आउन डराए । जसले संक्रमणको डरभन्दा पनि व्यक्तिको डर भयो । समाज कोरोनाले भन्दा पनि प्रचारप्रसारले भयवित भयो ।

यस्तो समयमा अत्याधिक उल्लंघन हुन सक्ने मानव अधिकार र कानूनी शासनलाई कसरी संरक्षण गर्ने भन्ने सम्बन्धमा सरकारको ध्यान जान सकेन । लकडाउनका दुई महिना अर्थात् जेष्ठ १७ गतेसम्ममा एक हजार एक सय पाँच जना व्यक्तिले आत्महत्या गरेको घटना प्रकाशमा आयो । नेपाल प्रहरीको तथ्यांक अनुसार चैत्र ११ देखि जेठ १० भित्र महिला, बालबालिका र जेष्ठ नागरिकहरु माथि भएका हिंसाहरु एक हजार तीन सय एक वटा दर्ता भएकोमा-घरेलु हिंसा तीन सय ७४, बाल यौन दुर्व्यवहार ३५ वटा, बलात्कार दुई सय ७४ वटा र बलात्कारको प्रयास ६२ वटा छन् । यी संख्या प्रतिनिधि घटनामात्र हुन सक्छन । अझ, झापाको सन्दर्भमा संक्रमणको यस अवधिमा अपाङ्गता र मानसिक अपाङ्गता भएका महिला र बालबालिका बलात्कारको शिकार भएका घटनाहरु अरु बर्षभन्दा बढी देखिए । लकडाउन नभएकै बेलामा पनि माथि उल्लेखित वर्गहरु उजुरीको लागि प्रहरीसम्म आउन सक्ने संख्या ज्यादै कम छ भने लकडाउनको समय त अझ यी वर्गहरु माथि भएका हिंसा पनि लकडाउनकै अवस्थामा रहेका हुन सक्ने अनुमान गर्न सकिन्छ ।



**सन्दर्भ : ७२औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस**

क्वारेन्टाइन भनेको बिरामीलाई सुरक्षित साथ राख्ने, समयमै औषधि उपचार गर्ने र बिरामी हुनबाट बचाउने उद्देश्यले राख्ने हो, तर क्वारेनटाइनको व्यवस्थापन नराम्रो भएको कारण त्यहाँ बसेका व्यक्तिहरु समयमै तातो पानी, खाजा-खाना तथा बस्नको लागि राम्रो बिछ्याउना समेत नभएको, क्षमताभन्दा बढी व्यक्तिहरु भीड गरी राखेको, बिरामीहरुलाई उपचार तथा स्याहार नपाएर मृत्यु समेत भएको र बलात्कार तथा कुटपीट समेत भएको घटनाले कयौं क्वारेनटाइनबाट व्यक्तिहरु त्यहाँबाट भाग्न बाध्य भएको अवस्था समेत देखियो । पीसीआरमा पोजेटिभ देखिएका र आरडिटीमा पोजेटिभ देखिएकालाई एकै ठाउँमा राखिएको, आइसोलेसनमा खान र बस्नको व्यवस्था राम्रो नभएको भन्दै उनीहरु घरजान विद्यालयको भवनबाट बाहिर निस्कन खोज्दा प्रहरीको लाठीचार्जबाट घाइते बनाएको जस्ता घटनाले नागरिक कोरोना संक्रमणबाट भन्दा पनि सरकारको अमानवीय र गैर जिम्मेवारी कार्यविरुद्ध आक्रोशित देखिए ।

यस्ता घटनाका पीडित व्यक्तिहरु न्यायको लागि उजुरीमा आउन सक्ने वातावरण समेत भएन । नागरिकहरु सुरक्षित ढंगले न्यायिक उपचारको लागि जान सुनिश्चित वातावरण नहुनु भनेको मानव अधिकारको घोर उल्लंघन हो । त्यति मात्र होइन, संक्रमणको संकटका समयमा राहत वितरकहरुका व्यवहारले मानवीय आत्मसम्मानलाई समेत निचा देखाएयो । राहतका रुपमा वितरण गरेका पाँच किलो चामलमा पनि दश जनाको हातले छोएर फोटो खिचेर सामाजिक सञ्चालमा राख्दा कयौं पीडामा परेका नागरिकहरु राहत लिन जान समेत आत्मसम्मान विपरित भएको महशुस गरेको पाइयो ।

संक्रमित हुने भयले मात्र होइन, विद्यालयहरु बन्द भएपछि लाखौं बालबालिकाहरु मानसिक, शारीरिक र सामाजिकरुपमा पनि तनावमा छन् । उनीहरुको यो तनावलाई कम गराउन सरकारसँग कुनै योजना छैन । सरकारको नागरिकप्रतिको जिम्मेवारी, पारदर्शीता र जवाफदेहिता शून्य देखिएको छ । यस्तो समयमा सरकारले नागरिकहरु अनावश्यकरुपमा बाहिर निस्कन नपर्ने अवस्था सृजना गर्नु पर्दथ्यो, तर त्यो भएन । हो, यस्तो भयावह संकटका बेला मानव अधिकारका सम्पूर्ण अधिकारहरु प्रयोग गर्न नसक्ने हुन सक्छन् । हियुल गर्ने, सभा/सम्मेलन तथा तालिमहरु गर्ने जस्ता अधिकारहरुमा केही समयका लागि नागरिकले सम्झौता गर्नुपर्ने हुन्छ र नागरिकले गरेका पनि छन् । तर, यसै अवधिमा सरकार र सरकार निकट दल मात्र होइन ठूला र जिम्मेवार दलहरु समेत विशाल सभा, सम्मेलनहरु गरिरहेका छन् । लकडाउन हटेको छैन कर तिर्नुपर्ने सूचना जारी गर्ने, स्वास्थ्य सामानहरुमा भ्रष्टाचार गर्ने, आवश्यकता अनुसार प्रर्याप्तरुपमा पीसीआर जाँचको दायरा नबढाई लकडाउन माथि लकडाउन गर्ने, बिना स्वास्थ्य जाँच भारतीय सिमानाबाट रातदिन हजारौं व्यक्तिहरु लुकेर आउन दिने जस्ता कार्यहरु भए ।

सरकारी कार्यालयहरुमा, अस्पतालमा, प्रहरीमा संक्रमित बिरामी देखेमा कार्यालय नै सिज गर्ने र नियमित तथा अत्यावश्यक स्वास्थ्य जाँच पनि सहज नहुने, हिंसाविरूद्धको उजुरी सहज नहुने, मृत्युपश्चात मात्र कोरोना घोषणा गर्ने, स्वास्थ्य चिकित्सकहरुलाई ढुक्कले काम गर्न सक्ने गरी आधारभूत स्वास्थ्य सामग्रीहरु नपाउने जस्ता कामले नागरिक कोरोनाबाट भन्दा पनि सरकारको गैर जिम्मेवारी कामले असुरक्षित महशुस गर्न पुगेको देखियो । संकटको यो अवस्थामा आर्थिक अवस्था कमजोर भएका समुदाय महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिहरुको सहज जीवनको कसरी व्यवस्थापन गर्ने भन्ने विषय सरकारको जवाफदेहिता र जिम्मेवारीको विषय बन्न सकेन ।

अहिलेको कोभिड-१९ को संकट सामान्य संकट होइन । तर, यस्तो अवस्थामा पनि सरकारले प्रदान गरेका हरेक सेवालाई नियमित र पहुँच योग्य बनाउने र न्यायको पहुँचमा विचलन हुन नदिने जस्ता विषयमा विशेष ध्यान दिन सकियो भने जस्तोसुकै संक्रमणको समयमा पनि व्यक्तिको मानवअधिकार संरक्षण हुन सक्छ । संक्रमणको समय भनेर यस प्रकारका घटनाबाट सरकार मुक्त हुन पाउँछ ? अवश्य पनि पाउँदैन । राज्यबाट गरिने मानव अधिकार उल्लंघन जस्तोसुकै संकटको अवस्थामा पनि क्षमायोग्य हुन सक्दैन र यो अपुरणीय क्षति नै हो । यसप्रति सरकार जवाफदेही र जिम्मेवार हुनै पर्दछ ।

# कोरोना कहर र मैले पाएको नयाँ जीवन



प्रेम सेढाई

चीनबाट फैलिएको कोरोना भाइरसको त्रास दिनानुदिन बढिरहेकै छ । यसको फैलावट र त्रासका बीचमा जीवन जिउनु हामी नेपालीहरुमात्र होइन, सबै देशका बासिन्दालाई चुनौति उत्तिकै छ । यस्तो महामारीको उत्कर्समा मैले अस्पतालमा लामो समय बुबाको उपचारको लागि बस्नु पऱ्यो । तिहार लगत्तै झण्डै दुई साता बुबाको उपचारमा संलग्न हुनुपर्दाका अनुभव र अनुभूतिलाई प्रस्तुत गर्न कोशिस गरिरहेको छु । मेरो बुवा जीवन सेढाई ६५ वर्षको उमेरसम्म पनि तरोताजा र सक्रिय जीवन बाचिरहनुभएको थियो । व्यक्तिगत जीवन, सामाजिक जीवन र व्यावसायिक जीवनमा उहाँ जहिल्यै पनि अनुशासित हुनुहुन्छ ।

बेलबारी मोरङदेखि झापाको सैनिकमोडमा बसाइँ सरेदेखि नै बिहान ४ बजे नै उठने अनि एक घण्टा मर्निङवाकमा जाने गर्नुहुन्थ्यो । मर्निङवाक लगत्तै चिसोपानीले नुहाउने उहाँको तालिका थियो । तर, मानव शरीरमा कुन बेला के आइपर्छ, अनुमान नै गर्न नसकिने रहेछ । मर्निङवाकमा नियमित हुँदा पनि तातो शरीरमा चिसोले आक्रमण पनि गर्दोरहेछ । त्यसैले बालबालिका र बुढापाकालाई चिसोबाट जोगाउनु भनिएको रहेछ ।

मेरो बुबालाई पनि चिसोले आक्रमण गरेर फोक्सोसम्म पुऱ्याएछ । रिंगटा लाग्ने अनि कमजोर महशुस गर्न थालेपछि मैले बिर्तामोडको बजरङ्ग मेडिकलमा लगे । त्यहाँ डा. डिके आचार्यलाई देखाइयो । त्यहाँ रगत, पिसाब, छातीको एक्स-रे गरियो । अरु त रिपोर्ट सामान्य आयो तर एक्स-रेले छातीमा केही खराबी देखायो । डा. आचार्यकै सल्लाह बमोजिम सिटी स्क्यान गर्न विराटनगरको नोबेल अथवा भद्रपुरको ओम साई पाथीभरा हस्पिटल मध्ये एक जानुपर्ने भयो । नजिकै पनि भएको हुनाले भद्रपुर नै जाने सल्लाह भयो ।

ओम साई पाथीभरा हस्पिटलमा बिरामीहरुको चाप निकै नै थियो । सिटी स्क्यान गर्नु पूर्व पीसीआर रिपोर्ट माग्यो अस्पतालले । विरामीको अवस्था यस्तो थियो कि कतै लान नै नसकिने । निकै लामो अनुरोधपछि शर्तसहित सिटी स्क्यान गरियो । सिटी स्क्यानले फोक्सोमा इन्फेक्सन भएको देखायो । बिरामीको चाप धेरै भएर होला, विरामीलाई तुरुन्तै विराटनगर वा धरान लान



सुझाव दिइयो । मैले अन्त कतै नलाने र लान सकिने अवस्था नभएको बताएपछि एक घण्टापछि आइसियुमा बुबालाई राखी उपचार शुरु भयो । आइसियुमा निरन्तर चार दिन राखियो । बिरामीको अवस्थामा क्रमिक सुधार देखिन थाल्यो । आइसियुबाट निकालेर क्याबिनमा राखेर उपचार शुरु गरियो । उपचार प्रक्रियामा डा. अमर कपुरी, डा. सागर मैनाले जुन सकारात्मक ऊर्जा र हौसला प्रदान गर्नुभएको थियो, त्यो महत्वपूर्ण औषधि सरह भएको मेरो अनुभूति छ । बुबाले नयाँ जीवन पाउनु होला कि नहोला भन्ने अन्योलताका बीचमा डा. कपुरीले जुन केयर र लगनका साथमा उपचार गर्नुभएको थियो ।

जसको मुक्त हृदयले ब्याख्या गर्दा पनि कम हुन्छ । वरिष्ठ फिजिसियनको रुपमा कार्यरत डाक्टर कपुरीले बिरामीको उपचारमा जति गम्भीरताका साथमा काम गर्नुहुँदोरहेछ, कुरुवा तथा आफन्तजनलाई उत्तिकै सरलता र प्रष्टतासहित विरामीको अवस्था र आगामी चिकित्सकीय पहलबारे बताउनु भएको देखेपछि डाक्टरहरुको पेशा र कर्मप्रति मेरो श्रद्धा दोब्बर भएको छ । त्यसैले डाक्टरहरुलाई भगवान मानिएको हुनुपर्छ । उपचार त सबै चिकित्सकहरुले गर्छन्, तर बोलीबचन मिठो, कुरुवाहरुलाई दिने प्रेरणा र हौसलाले गर्दा बिरामीको रोग पनि आधा नै बिसेक भएको जस्तो हुने रहेछ । आफन्त र कुरुवाहरुलाई पनि आशा जगाउने डा. कपुरीको शैली सबै डाक्टरहरुमा भई दिए कति निराश मनहरुमा उमँग भरिन्थ्यो होला ।

उपचार प्रक्रियामा नर्स मिना सुब्बा र अन्य नर्सहरुको योगदान पनि उल्लेखनीय थियो । सरसफाई गर्ने दिदी कुमारी राजवंशीले पनि आफ्नो जिम्मेवारी कुशलतापूर्वक निर्वाह गर्नुभएको मैले महशुस गर्न पाए । निजी अस्पतालबारे सर्वसाधारणको सकारात्मक टिप्पणी विरलै सुनिन्छ । सरकारी अस्पतालमा प्रभावकारी उपचार भएको खण्डमा निजी अस्पतालमा यो भिड हुने थिएन । म पनि निजी अस्पतालप्रति हिजोसम्म नकारात्मक नै थिए । निजी अस्पताल भन्या पैसा बढी लिने र स्वास्थ किनबेच गर्ने थलो भनी बुझ्थे, तर आफैलाई परेपछि मात्रै थाहा भयो ।

उपचार प्रक्रियामा अस्पतालका निर्देशक बालकृष्ण पोखरेल र प्रसाशकीय अधिकृत दिप सरले पनि जुन सदासयता, सहयोग र प्रोत्साहन गर्नुभएको थियो, त्यो झनै स्तुत्य छ । झापामै पनि अस्पताल त धेरै नै छन्, तर मेरो बुबाको उपचारमा ओम साइ पाथीभरा हस्पिटलमा पाएको सुबिधा अनि सकारात्मक पहलको लागि म र हाम्रो परिवार आजीवन धन्य रहनेछ । लाएको नमरी स्वर्ग देखिन्न भने जस्तै मैले पनि परेर मात्रै बुझ्ने अवसर पाए ।

निजी अस्पतालले तुलनात्मकरूपमा पैसा लिएका होलान् । तर, मेरो बुबा जस्ता धेरैलाई नयाँ जीवन पनि दिएका छन् । ओम साई पाथीभरा हस्पिटलले मेरो बुबाको उपचारमा जुन लगन त प्रक्रिया, प्रविधि अपनायो, त्यसप्रति म, मेरो परिवार, आफन्तजन, शुभचिन्तक आभारी छौं । अस्पतालमा कसैको निधन हुँदा ढुंगामुढा गर्ने मात्रै होइन, उपचार राम्रो भएर बिरामीले नयाँ जीवन पाउँदा आभार व्यक्त गर्ने बानीको विकास पनि गरौं । यसो गरेमा मात्रै उपचारमा सक्रिय डाक्टरहरु, नर्सहरु, परिचारिकाहरु र अस्पताल प्रशासनको उचित सम्मान हुनेछ ।

*(सेढाई विराट आधारभूत विद्यालय विराटपोखरमा कार्यरत शिक्षक हुन् ।)*

# पाँचथरमा जिल्लास्तरीय न्यायिक समिति समन्वय सञ्जाल



**पाँचथर, मंसीर २४।** पाँचथर जिल्लाको आठ वटै पालिकाका न्यायिक समिति संयोजक तथा उपप्रमुखहरुको भेलाले जिल्लास्तरीय न्यायिक समिति समन्वय सञ्जाल गठन गरेको छ ।

फिदिम नगरपालिकाको संयोजनमा जिल्लाका सबै स्थानीय तहका न्यायिक समिति संयोजकहरुको भेलाले आठ वटै स्थानीय तहहरु समेटेर उक्त सञ्जाल गठन गरिएको फिदिम नगरपालिकाका सूचना अधिकारी निर्मला दाहालले जानकारी दिइन् ।

कार्यक्रममा जिल्लाका पालिकाहरूबीच समन्वय गर्न तहगत सञ्जाल निर्माण गर्ने सहमति र निर्णय भएको छ । यसलाई संस्थागत गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २६ तथा दफा ११ को उपदफा २ को खण्ड ठ ४ र दफा ११ को उपदफा ७ बमोजिम एक कार्यविधि बनाउन फिदिम नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी दिने निर्णय समेत भएको छ ।

यसले आगामी दिनमा जिल्लाका पालिकाहरूबीच साझा सरोकारका विषयमा सहकार्य, साझेदारी र संयुक्त व्यवस्थापन गरी लागत न्यूनीकरण, श्रोतसाधनको अधिकतम् उपयोग गर्दै सेवा प्रभावकारी बनाउन सघाउ पुग्ने र असल अभ्यासको अनुकरण एवं अनुभवको आदान-प्रदान गरी सेवा प्रवाहमा सहजीकरण हुने विश्वास लिइएको नगपालिकाका प्रमुख प्रशासकीय अधिकृत अधिकारीले बताइन् ।

यस प्रकारको प्रयास तथा अभ्यास यस जिल्लामा पहिलो पटक गरिएको हो । लैङ्गिक हिंसा १६ दिने अभियानको अवसर पारेर गरिएको उक्त कार्यक्रममा स्थानीय तहहरुले अभियानको विषयमा आ-आफ्नो प्रस्तुतीकरण गरेका थिए । त्यस्तै अभियानकै रुपमा फिदिम नगरपालिकाभित्र सडकमा रहेका पाँच जना मानसिक समस्या भएका व्यक्तिहरुलाई नगरपालिकाले उनीहरुको व्यवस्थापनको लागि सरसफाई र स्वाब परीक्षण गराई मानव सेवा आश्रम विराटनगरमा उपचारका लागि पठाएको कार्यक्रममा जानकारी गराइएको थियो ।

फिदिम नगरपालिकाकी उपमेयर उर्मिला प्रधानको अध्यक्षतामा भएको कार्यक्रममा फिदिम नगरपालिकाका मेयर ओनाहाङ नेम्बाङ, याङवरक गाउँपालिकाकी उपाध्यक्ष कमलकुमारी योङहाङ, कुम्मायक गाउँपालिकाकी उपाध्यक्ष सीता आचार्य, मिक्लाजुङ गाउँपालिकाकी उपाध्यक्ष उर्मिला राई, फाल्गुनन्द गाउँपालिकाकी उपाध्यक्ष देवित्रा आङदेम्बे, फालेलुङ गाउँपालिकाकी उपाध्यक्ष हिमा अधिकारी, कुम्मायक गाउँपालिका न्यायिक समिति सदस्य तारा लुइँटेल, शिक्षा अधिकृत दाहाल, फिदिम नगरपालिकाका प्रेस सल्लाहकार तथा रेडियो दिव्यवाणीका अध्यक्ष जितेन्द्र भण्डारी, महिला विकाश निरीक्षक शर्मिला खापुङ, अपाङ्ग सेवा संघकी समिक्षा सुनुवार लगायतको सहभागिता रहेको थियो । कार्यक्रमको सञ्चालन लक्ष्मीमा तामाङले गरेकी थिइन् ।

# व्यापारी र कारोबारी भन्सार जान छाडेपछि...



**भद्रपुर, मंसीर २४।** भद्रपुर भन्सार कार्यालयमा सेटिङमा राजश्व चुहावट हुने गरेको घटना सञ्चारमाध्यमले छताछुल्ल पारेपछि कारोबारी र व्यापारीहरूले अहिले भन्सार जान छाडेका छन् । उनीहरू सीमानाकाबाट तस्करीको माध्यमबाट सरसामान भित्र्याउने योजनामा लागि परेका छन् ।

कारोबारी तथा व्यापारी भन्सार जान छाडेपछि भद्रपुर सीमा क्षेत्रमा सशस्त्रले थप निगरानी बढाएको छ । यसै क्रममा सशस्त्र प्रहरी बल नेपाल २ गण नम्बर झापाले खटाएका सशस्त्र प्रहरीले पाँच पोका जुत्ता चप्पल बरामद गरेको छ ।

भद्रपुर नगरपालिका-५ स्थित देबीवस्ती नाकाबाट भन्सार छलेर भित्र्याउन लागेको करिब डेढ लाख मूल्यभन्दा बढीको जुत्ता चप्पल देबीबस्ती पोस्टमा खटिएका सशस्त्र प्रहरीले बरामद गरेको सशस्त्र प्रहरी बल नेपाल २ गण नम्बर झापाका एसपी रमेशकुमार पाण्डेले जानकारी दिए ।

सो सामान भद्रपुरका कारोबारी सलमानले भित्र्याएको प्रहरी स्रोतको दाबी छ । बरामद गरिएका जुत्ता चप्पललाई भन्सार कार्यालय बुझाइएको बताइएको छ । त्यसैगरी सशस्त्र प्रहरीले गौरीगञ्जको बैगुनधाराबाट एक पोका, पाँच कार्टुन माछा बरामद गरेको छ ।

भन्सार छलेर भित्र्याइएको कपडा र माछाका कार्टुनलाई गणबाट खटिएको सशस्त्र प्रहरीले बरामद गरेको छ । बरामद गरिएका माछालाई अस्थायी पशु क्वारेनटाइन चेक पोस्ट भद्रपुर बुझाइएको बताइएको छ ।

यसैबीच झापा र मोरङको सीमानाकाबाट अवैधरुपमा भन्सार छली नेपाल भित्र्याइएको तीन लाख मूल्य बराबरको लत्ताकपडा प्रहरीले बरामद गरेको छ ।

इलाका प्रहरी कार्यालय काँकरभिट्टाबाट खटिएको प्रहरीको गस्ती टोलीले पानीटंकीबाट खरिद गरी भन्सार छली ल्याएको ल्याएको एक लाख चार हजार मूल्य बराबरको लत्ताकपडाहरु मेचीनगर-७ सतिघट्टा एरियाबाट बरामद गरेको हो ।

त्यस्तै जिल्ला प्रहरी कार्यालय मोरङबाट गएको प्रहरीको टोलीले भन्सार छली ल्याएका दुई लाख मूल्य बराबरको थर्मकोट बरामद गरेको छ । प्रहरीको टोलीले विराटनगर-१७ मटेरूवाका जसिम कुजराको घरबाट उक्त परिमाणको थर्मकोट फेला पारी बरामद गरेको हो । जोगबनीबाट लत्ताकपडा खरिद गरी भन्सार छली गरेर घरमा ल्याई भण्डार गरेर राखेको अवस्थामा एक सय ४७ सेट थर्मकोट फेला पारी बरामद गरिएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

# जडिबुटी खेती सम्बन्धी तालिम

□ युद्धबहादुर बोहोरा

**पाँचथर, मंसीर २४।** फाल्गुनन्द-३, पौवासारतापको सानोसुकेमा जडिबुटी व्यावसायिक खेती सम्बन्धी दुई दिने तालिम सम्पन्न भएको छ ।

फाल्गुनन्द आयुर्वेद शाखाको आयोजनामा स्थानीय जडिबुटीको संरक्षण, रोपण, जडिबुटीको उपयोग गर्न अगुवा कृषकलाई प्रोत्साहन गर्ने उद्देश्यले प्रशिक्षणको आयोजना गरिएको आयुर्वेदिक औषधालयका प्रमुख तथा बरिष्ठ कविराज निरीक्षक राजु पराजुली जानकारी दिए ।

शाखाकी सदस्य गीता विश्वकर्माको अध्यक्षतामा नेपाल जडिबुटी महासंघ केन्द्रिय प्रतिनिधि शंकरध्वज नेम्बाङको प्रमुख आतिथ्य तथा पालिकाका लेखा प्रमुख चन्द्र सुब्बाको निरीक्षणमा प्रशिक्षण सम्पन्न भएको थियो ।

कार्यक्रममा स्थानीय २९ जातका जडिबुटीको परिचय र खेती गर्न योग्य चिराइतो, लोटसल्ला, अर्घेली, टिमुर, बोझो, सर्पगन्ध, हर्रोबर्रो, तेजपत्ता, कुरिलो, पाखनबेत, सतुवा सिस्नु लगायतका वनस्पतिको महत्व, खेती गर्ने प्राविधिक तरिका र उपयोगसहित आयुर्वेद स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवाहरुको पनि जानकारी गराइएको कविराज पराजुलीले बताए । जडिबुटी नर्सरी, उत्पादन, संकलन र प्रशोधन गरी निर्यात गर्न सरोकारवालासँग पहल गर्दै व्यवसायिक जडिबुटी उत्पादक कृषकलाई आर्थिक सहयोग, तालिम तथा प्रशिक्षण गराउने कार्यालयको योजना रहेको उनले बताए ।

घरेलु जडिबुटी उत्पादनबाट स्वरोजगार साथै आर्थिक समृद्धिमा मद्दत पुऱ्याउन डिभिजन वन कार्यालय, राँकेले आवश्यक प्राविधिक सहयोग गर्ने प्रशिक्षणसहित कार्यक्रममा कार्यालयका सहायक वन अधिकृत रामनारायण यादवले जनाए । कविराज पराजुली, वन सहायक अधिकृत यादव तथा बैध प्रमोदकुमार यादवले तालिमको सहजीकरण गरेका थिए ।

नवबुद्ध जडीबुटी तथा कृषि समूह, गुफाडाँडा चाँपे सामुदायिक वन, भालुखोप सामुदायिक वन, अर्घेली सामुदायिक समूह, तीनचुले जडिबुटी उत्पादक तथा सहकारी संस्थाका सदस्य लगायत स्थानीय अगुवा कृषकहरुसहित २८ जना सहभागी थिए ।

उक्त कार्यक्रममा सहभागी जुटाउन र व्यवस्थापनमा नमबुद्ध समुहका प्रतिनिधि अनिष तामाङ र अर्घेली कृषि सहकारीका अध्यक्ष देउमान तामाङले सहयोग गरेका थिए । प्रशिक्षणमा तीनचुले जडिबुटी उत्पादक तथा सहकारी संस्थाका अध्यक्ष पेम्बा शेर्पाले कार्यक्रम सञ्चालन गरेका थिए ।

# आगलागीबाट १३ लाखको क्षति

**पाँचथर, मंसीर २४।** पाँचथरको फिदिम-४ को एक घरमा आगलागी हुँदा रु. १३ लाख बराबरको क्षति भएको छ । फिदिम-४ गढीका सोमनाथ ढकालको घरमा विद्युत् सर्ट भई आगलागी भएको हो ।

आगलागीबाट ढकालको दुईतले कच्ची घर तथा घरमा रहेका सम्पूर्ण सामग्री, नगद करिब रु. एक लाख, पाँच तोला सुन समेत जल्दा करिब रु. १३ लाख बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालय पाँचथरले जनाएको छ । आगलागी फिदिम नगरपालिकाका दुईवटा वारुणयन्त्रको सहायतामा सुरक्षाकर्मी, स्थानीयबासीले नियन्त्रणमा लिएको प्रहरी जनाएको छ ।

# लागूऔषधसहित पाँच जना पक्राउ

**झापा, मंसीर २४।** लागूऔषधसहित मोरङ र सुनसरीका विभिन्न स्थानबाट पाँच जना पक्राउ परेका छन् ।

इलाका प्रहरी कार्यालय रंगेलीको टोलीले दुईजनालाई तथा इलाका प्रहरी कार्यालय इटहरीको टोलीले तीन जनालाई लागूऔषधसहित पक्राउ गरेको प्रदेश १ प्रहरी कार्यालयका प्रवक्ता डिएसपी कविन्द्रकुमार कार्कीले जानकारी दिए ।

इलाका प्रहरी कार्यालय रंगेलीबाट गएको प्रहरीको टोलीले रंगेली बसपार्कबाट सुनवर्सी नगरपालिका-९ का २४ वर्षीय कुन्दन सहनी र १९ वर्षीय आदर्श दासलाई एक हजार दुई सय ट्याबलेट नाइट्राभेटसहित पक्राउ गरेको हो ।

त्यसैगरी इलाका प्रहरी कार्यालय इटहरीबाट खटिएको प्रहरी टोलीले इटहरी-९ बाट भारतीय नागरिक ओमप्रकाश यादवलाई ट्रमाडोल हाइड्रोक्लोराइड आठ हजार क्याप्सुल, नाइट्राभेट १० लेखिएको लागूऔषध एक हजार छ सय ६० क्याप्सुल र १०० एमएलको ट्लनोकोफ ३० बोतलसहित पक्राउ गरेको हो ।

त्यसैगरी इटहरी- १३ खनारबाट मोरङको जहदा गाउँपालिका-४ का ३७ वर्षीय उमेशकुमार मण्डललाई ट्रमाडोल ३६० क्याप्सुल र स्पास्पेन १८८ ट्याबलेट लागूऔषधसहित पक्राउ गरेको हो । त्यस्तै इटहरी ८ का १९ वर्षीय सनम बस्नेत लागूऔषध ट्रमाडोल ४५०० क्याप्सुलसहित पक्राउ परेका हुन् ।


## घर भाडामा

भद्रपुररोड अन्नपूर्ण चौकबाट करिब २०० फिट पश्चिम १८ फिटे पिच सडकमा जोडिएको १६०० S.F. भएको पहिलो तला अफिसियल हल २ वटा ट्वाइलेट, बाथरुम, किचन र एउटा ठूलो कोठा समेत भएको घर भाडामा छ ।
मो.९८४२६३४१५०, ९८४१५५६९७५

## पसल बिक्रीमा

बिर्तामोडस्थित मेन चौकमा रहेको अति चालू अवस्थाको कस्मेटिक तथा फेन्सी पसल विक्रीमा छ ।
सम्पर्क: ९८२३६०३५७८

## घर बिक्रीमा

बिर्तामोड–५ मा
सम्पर्क: ९८१६९३४०८१

## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।




सम्पर्क: ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

## सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगन्र्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
'चट्ट फोट झट्ट सेवा'



सम्पर्क: ०२३–५५०६२० ९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्क प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३–५४०१२३, ९८०३१५४६१९)

## UAE को DUBAI मा महिला तथा पुरुष क्लिनरहरुलाई रोजगार

कम्पनी: LAHEJ & SULTAN CLEANING SERVICE & GEN. MAINT. COMPANY, DUBAI
पूर्व स्वीकृत मिति: २०७६/११/११ चलानी नं.: ६०५/२१३९ LT. NO.: 232814 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners | 300 | 150 | स. साक्षर दक्ष | 800 | २५,६५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

१. उमेर १८ बर्ष पुरा भई ४३ बर्ष ननाघेको हुनुपर्नेछ ।
२. अन्तरवार्तामा सफल उम्मेद्वारहरुले १५ दिन भित्रमा दुवई पुगिसक्नु पर्नेछ।

फाईनल अन्तरवार्ता सम्बन्धित कम्पनीको प्रतिनिधीबाट शाखा कार्यलय बिर्तामोडमा मिति २०७७ पुस ७ गते हुनेछ ।

**शिवाकोटी मेनपावर सर्भिस प्रा. लि.**
सामाखुशी रिङ्गरोड, काठमाडौं । सम्पर्क: ०१-४३८७९९१, ४३८७९९२
शाखा कार्यालय बिर्तामोड:- ०२३-५४१०६०, ५४०५१७, ५४५३३८८, मो. ९८०१०३३५७९, ९८०१०३३५७२, ९८०१०३३८१३, ९८०१०३३५७४, ९८०१०३३५७०, ९८०१०३३५७५
(श्रम इजाजत नं. ८०६/०६४/६६)
email: pr@siwakoti.com, branchbtm@gmaill.com

## आवश्यकता

महिला तथा पुरुष अर्जेन्ट आवश्यकता
**इस्टर्न सर्च सेन्चुरी ग्रुप**
**बिर्तामोड–४, अन्नपूर्ण चोक**
०२३–५४५७८२, ९८०६०६१७००

## टाटा सुमो गाडी भाडामा चाहिएमा

बितामोडदेखि पशुपतिनगर र पशुपतिनगरबाट बिर्तामोड दैनिक यात्रा साथै रिजर्भका लागि १० सिट भएको टाटा सुमो गाडी चाहिएमा सम्पर्क गर्नुहोला ।
मो. ९८१५९५२४९९/९८४१३२१४६४

## गमला चाहिएमा

घर कम्पाउण्डमा फूल रोप्न, बगैंचा सजाउन साथै सागसब्जी कौशीखेतीका लागि अति उपयोगी कंक्रिटका शानदार गमला सुपथ मूल्यमा चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस् । धेरै संख्यामा लिनेलाई डेलिभरीको पनि व्यवस्था छ ।



सम्पर्क: भूपाल कार्की
९८०१४०४०००
९८१६६४१५७३
अर्जुनधारा–५, विहीवारे बजार लक्ष्मीपुर

## पसल बिक्रीमा

बिर्तामोडस्थित शनिश्चरे रोडबाट सिनेप्लाजा तर्फ जाने रोडमा चालू अवस्थामा रहेको ब्यूटीपार्लर सुपथ मूल्यमा बिक्रीम छ । आवश्यकपर्ने महानुभावले सम्पर्क गर्नुहोला ।
सम्पर्क: ९८४२७३१७५४, ९८०५८८६१७१

## बिक्रीमा

बिर्तामोडमा चालू अवस्थामा रहेको आकर्षक रेष्टुरेन्ट तु–बिक्रीमा छ ।
सम्पर्क: ९८४०९९५४०४, ९८४४६४५५७५

## राहदानी हरायो

बिर्तामोडबाट चारपाने जाने क्रममा यही मिति २०७७।०५।१६ गते मेरो निम्न व्यहोराको राहदानी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा बुझाई दिनुहुन अनुरोध छ ।
नाम:- सविता गौतम
ठेगाना:- अर्जुनधारा–४, झापा
राहदानी नं.:- ११६०२७७७

## राहदानी हरायो

बिर्तामोडबाट शनिश्चरे जाने क्रममा यही मिति २०७७।०५।१२ गते मेरो निम्न व्यहोराको राहदानी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा बुझाई दिनुहुन अनुरोध छ ।
नाम:- छत्रमाया कुँवर
ठेगाना:- अर्जुनधारा–४, झापा
राहदानी नं.:- ११६०३७१८

## बिना अपरेशन सफल उपचार

दक्ष एवम् अनुभवी डाक्टरहरुद्वारा दैनिक चेकजाँच तथा सफल उपचार ।



**उपचार हुने समस्याहरु :**
- कम्मर, गर्दन दुख्ने, घुडा दुख्ने, नशा च्यापिएको, शरीर झम्झमाउने
- थाइराइड, कोलेस्ट्रोल, ग्याष्ट्रिक, कब्जियत
- पायल्स, फिसर, फिस्टुला, पिनास, सुगर, प्रेसर
- खोकी, जण्डिस, छातीको दाग, मृगौलाको पत्थरी, एलर्जी, डण्डीफोर
- महिला तथा पुरुषका गुप्त रोगहरु, माइग्रेन, अनिद्रा, प्रोस्टेट
- बाथ युरिक एसिड, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको आदि ।

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर**
(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड–४, झापा
फोन न ०२३–५४१४६६/९८०६०००३१३/९८४२७१६५८८




ज्यो. मधुसूदन रिजाल
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** परिवारजनको साथले उत्साह जगाउनेछ । मित्रता र प्रेमको बन्धन कसिनेछ । कमजोरीले चिन्ता बढाउन सक्छ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** अवसरवादीहरूले ढोका दिन सक्छन् । अरूका लागि बुद्धि खर्चनुपर्नेछ । श्रम गरीकन चिताएको मूल्य प्राप्त नहुन सक्छ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** रोकिएका काम बन्नाले नयाँ कामतर्फ अग्रसर भइनेछ । मेहनतले राम्रै प्रतिफल दिलाउनेछ । व्यवसाय सफल होला ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** इर्ष्या गर्नेहरूले सताए पनि उपलब्धिको स्रोत पहिल्याउन सकिनेछ । काम पूरा नभए पनि आंशिक लाभ हुनेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** अवसर प्राप्त भए पनि परिस्थिति आफ्नो अनुकूल नदेखिएकाले सजग रहनुपर्ला । स्वास्थ्यमा कमजोरी आउन सक्ला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** काम रोकिने समस्याले मन खिन्न हुन सक्छ । तापनि हल्लाको पछि नलागी कर्मयोगमा जुट्नुहोला ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -** प्रयत्न गरेका काम बिस्तारै सम्पादन हुनेछन् । अध्ययनमा धेरै समय दिन नसकिए पनि बौद्धिक क्षेत्र फराकिलो बन्नेछ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** मेहनतले प्रतिष्ठित कामको मौका दिलाउनेछ । परिस्थिति अनुसार चल्न नसक्ता अलि दुःख पाइनेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** हतारको निर्णयले काम बिग्रन सक्छ । महत्वाकांक्षी योजना कार्यान्वयनमा आफ्नैले बाधा पुऱ्याउलान् ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** बेसुरमा दिइएको वचनले अप्ठ्यारो पार्ने हुँदा सजग रहनुपर्नेछ । तापनि आस मारेको नतिजा सकारात्मक हुनेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** मान्यजनको मन जित्ने प्रयत्न गर्नुहोला । परिवारमा आमाको माध्यमले फाइदा उठाउन सफल भइनेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** काम कार्य प्रारम्भ गर्दा फाइदा हुनेछ । बलजफ्ती गर्ने बानीले समस्या निम्त्याउन सक्छ । अप्ठ्यारो पर्दा मान्यजनको सल्लाह उपयुक्त होला ।